आज मिति २०७६ साल असोज १० गते शुक्रबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री विश्वनाथ निरौलाज्यू**को अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

<u>उपस्थिति :</u>

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | विश्वनाथ निरौला | |
| उपाध्यक्ष | पुष्पकला भुजेल | |
| सदस्य | झन कुमार राई (नाछिरिङ) | |
| सदस्य | सन्तवीर तामाङ | |
| सदस्य | राजेशकुमार राजभण्डारी | |
| सदस्य | नैनकुमार राई | |
| सदस्य | दिलबहादुर राई | |
| सदस्य | मीनबहादुर राई | |
| सदस्य | फुलकमल राई | |
| सदस्य | जानुमाया राई | जानुमाया राई |
| सदस्य | छिरिङलमु तामाङ | |
| सदस्य | चमेली विश्वकर्मा | |
| सदस्य | लक्ष्मी वि.क. | |
| सदस्य | खड्ग बहादुर राई (नाछिरिङ) | |
| सदस्य | देवीचरण रम्तेल | |
| सचिव | जीवन निरौला | |

आमन्त्रित ले.अ तारानाथ आचार्य

बैठकका निर्णयहरु अर्को पृष्ठमा लेखिएको छ ।

निर्णय नं. १: शोकप्रस्ताव पारित गर्ने सम्बन्धमा।

कार्यपालिका सदस्य तथा वडा नं. १ का वडाध्यक्ष श्री झनकुमार राईका पूजनीय पिता वर्ष ७३ को कनकबहादुर राईज्यूको असामयिक निधन भएकोमा सो सम्बन्धमा गाउँकार्यपालिका द्वारा गहिरो समवेदना व्यक्त गर्दै शोक सन्तप्त परिवारमा समवेदना व्यक्त गर्ने।

निर्णय नं. २: निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

गाउँ शिक्षा समितिको मिति २०७८-असोज ६ को निर्णय पारित/अनुमोदन गर्ने।

निर्णय नं. ३: समपुरक अनुदान माग गर्ने सम्बन्धमा।

राष्ट्रिय योजना आयोगको मिति २०७८/०६/०७ को सूचनानुसार समपुरक अनुदानमार्फत यस गाउँपालिका क्षेत्र भित्रका कृषि उपजहरूको संकलन एवं भण्डारण गर्ने "कृषि उपज संकलन एवं भण्डारण केन्द्र" को निर्माणको लागि बजेट विनियोजन गर्ने प्रस्ताव पेश गर्ने।

निर्णय नं. ४: विशेष अनुदान माग गर्ने सम्बन्धमा

गाउँपालिका क्षेत्रभित्रको दीर्घकालीन खानेपानी समस्याको हल हुनेहुँदा, राकखोलाको पानी

खानेपानी अभाव भएका क्षेत्रमा वितरण गर्ने उद्देश्य साथ विशेष अनुदानका लागि राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने ।

निर्णय नं. ८ विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी बोलपत्र आव्हान गर्ने सम्बन्धमा ।

ऐसेलुखर्क -२ हरियो स्थित जग्गामा बन्ने गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माणका लागि बिन इन्जिनियरिङ ग्रुप प्रा.लि. काठमाडौंले तयार गरेको भवनको विस्तृत परियोजना प्रतिवेदन DPR स्वीकृत गर्दै साथै आ.व. २०७७/७८ को ६ महिनाभित्र (२०७७ पौष मसान्त) सम्म निर्माण सम्पन्न हुने गरि बोलपत्र आव्हान लगायत अन्य प्रक्रिया अघि बढाउने ।

निर्णय नं. ९ : रकम भुक्तानी सम्बन्धमा ।

ऐसेलुखर्क बजारदेखि सं वडा नं २ बाक्राचोले-रेसेलुखर्कको सडकमा गत श्रावण/भाद्र महिनामा स्थानीय यातायात व्यवसायीहरुको साझेदारीमा भएको ग्राभेलिङका लागिको लागत खर्च नियमानुसार सम्बन्धित व्यवसायी/इ.मालिक/किसान [illegible]लाई गाउँपालिका

निर्णय नं ७ : अल्लो प्रशोधक मेसिनको रकम भुक्तानी एवं मेसिनको हस्तान्तरण सम्बन्धमा ।

गण्डकी प्रदेश सरकारको निमन्त्रणा एवं पोखरा विश्वविद्यालयको समन्वयमा पोखरामा सम्पन्न अल्लो प्रशोधन अभिमुखीकरण कार्यक्रममार्फत हुन अनुदानमा यस स्थानीय तहबाट प्राप्त प्रशोधन मेसिनको भुक्तानी सम्बन्धित संस्थालाई नियमानुसार दिने तथा उक्त मेसिन अल्लो सम्भावित क्षेत्र वडा नं ९ राखबाङ स्थित श्री निरुखर्क सामुदायिक वन उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने ।

निर्णय नं ८ : आवधिक योजना निर्माण प्रस्ताव स्वीकृति सम्बन्धमा :

गाउँपालिकाको आवधिक योजना निर्माण गर्ने प्राविधिक प्रस्ताव प्राप्त भएपश्चात श्री एन. एन. फाउन्डेसनसँग सम्झौता गरी निर्माण कार्यको प्रक्रिया अघि बढाउने ।

उपाध्यक्षज्यूको निर्णयसहित आजको बैठक समापन गरियो ।